दि टिम्बर कर्पोरेशन अफ नेपाल लि., बबरमहल, काठमाडौं

र

काष्ठमण्डप पुनर्निर्माण समिति, काठमाडौं

बिच

काष्ठमण्डप पुनर्निर्माणका लागि काठ आपूर्ति सम्बन्धमा भएको

समझदारीपत्र

काष्ठमण्डप पुनर्निर्माण समिति
सिंल्यं सतः, २०.वडा, काठमाडौं

२०७५ साल आश्विन

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.

२०७५ असोज

महा प्रबन्धक

## काष्ठमण्डप पुनर्निर्माणका लागि काठ आपूर्ति सम्बन्धी समझदारीपत्र

काठमाडौं महानगरपालिका वडा नं. २० मा अवस्थित **"काष्ठमण्डप"** २०७२ साल वैशाख १२ गतेको महाभूकम्पको कारणले क्षतिग्रस्त भएकोमा नेपाल सरकारको मिति २०७४ चैत्र महिनाको निर्णय अनुशार काष्ठमण्डप पुनर्निर्माण समिति गठन गरी सोही समितिले काष्ठमण्डप पुनर्निर्माणको कार्यको ब्यवस्थापन गर्ने निर्णय भएको । काष्ठमण्डप पुनर्निर्माणको कार्यलाई नेपाल सरकारले उच्च प्राथमिकता दिएको र यस कार्य २०७७ साल भित्र सम्पन्न गर्ने गरी कार्य योजना तयार गरिएको र यस कार्यका लागि १७०५८ क्यू.फिट काठ आबश्यक पर्ने अनुमान गरिएको ।

२०११ सालको राप्ती दुनको भिषण बाढीले विस्थापितहरुलाई ब्यवस्थित रुपमा बसोवास गराउनका लागि सःमील परियोजनाको रुपमा स्थापना भई २०१७ सालमा तत्कालिन कम्पनी ऐन अन्तर्गत सरकारको पूर्ण स्वामित्वमा स्थापित तथा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको द टिम्बर कर्पोरेशन अफ नेपाल ( टि.सी.एन) को मूख्य उद्देश्य काठ दाउरा संकलन तथा सहज र सरल रुपमा आपूर्ति गर्ने रहेको छ । नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२ फागुन २२ मा स्वीकृत भुकम्प पिडितको लागि काठ संकलन, उत्पादन र बिक्री वितरण निर्देशिका २०७२ तथा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७३।५।२६ को निर्णय अनुसार सम्पदा पुनः निर्माणको लागि आवश्यक काठ पुरातत्व बिभागको सिफारिसमा दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले आपूर्ति गर्ने ब्यबस्था भएको ।

काष्ठमण्डप पुनर्निर्माणको कार्यलाई तोकिएको समयमा सम्पन्न गर्न आवश्यक काठ सहज आपूर्तिको ब्यवस्था मिलाउने उद्देश्यले काष्ठमण्डप पुनर्निर्माण समिति र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. बीच यस समझदारी पत्रको आबश्यकता देखिएको ।

यस समझदारी पत्रको कार्यन्वयनको लागि दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र काष्ठमण्डप पुनर्निर्माण समितिको भूमिका निम्न बमोजिम हुनेछ ।

### (क) काष्ठमण्डप पुनर्निर्माण समितिको भूमिका

१. आबश्यक काठको नाप साइज सहित कुन समयमा कति परिमाणको काठको आबश्यक पर्ने हो सो को बिस्तृत त्रैमासिक योजना तयार गरी कर्पोरेशनमा पेश गर्ने ।

२. कर्पोरेशनले गोलिया काठ चिरान गरी तयार भए पछि काठ खरिद गरि ढुवानी गर्नु पहिले नियमानुसार लाग्ने मूल्य भूक्तानी गर्ने ।

३. काठ कटान प्राप्ती समयमा नभएको अवस्थामा सम्बन्धित संघिय तथा प्रदेश मन्त्रालय, बिभाग, निर्देशनालय तथा कार्यलयसंग समन्वय तथा सहजिकरण गर्न कर्पोरेशनलाई सहयोग गर्ने ।

४. लामो साइजका गोलिया तथा चिरान काठ ढुवानी गर्न आबश्यकता अनुशार कर्पोरेशनलाई सहयोग गर्ने ।

### (ख) दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. को भूमिका

१. काठ कटान र चिरानको ब्यबस्था मिलाउने ।

२. काष्ठमण्डप पुनर्निर्माण समितिबाट प्राप्त बिस्तृत त्रैमासिक योजना अनुसारको चिरान काठ नियामानुसार लाग्ने मूल्य लिई तोकिएको समय सिमा भित्र आपूर्ति गर्ने ।

सिंल्यं सतः, २०.वडा, काठमाडौं

२०७५ असोज

महा. प्रवन्धक

३. कर्पोरेशनले चिरान काठ उपत्याका स्थित बालकुमारी ढिपो वा शाखा कार्यलयहरु स्थित डिपोहरुबाट उपलब्ध गराउनेछ ।

**(ग) बिबिध**

१. त्रैमासिक रुपमा कार्य प्रगतिको समिक्षा गर्ने ।

२. यो समझदारीपत्र काष्ठमण्डप पुनर्निर्माण कार्य सम्पन्न नभएसम्म क्रियाशील हुनेछ ।

३. यो समझदारीपत्रको कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा सामाधान गरिने छ ।

४. यस समझदारीपत्रमा उल्लेखित प्रावधानहरुको हदसम्म यसै बमोजिम र यसमा उल्लेख नभएको सम्बन्धमा आपसी सहमतिमा तय गरिने छ ।

५. यो समझदारीपत्र २०७५ असोज १ गतेबाट लागु हुनेछ ।

दुवै पक्षहरुले उल्लेखित शर्त बन्देजहरु पालना गर्ने गरी यस समझदारी पत्रको लिखत बनाई सही छाप गरी दुवै पक्षहरुले यसको १/१ प्रति बुझी लियौं दियौं ।

काष्ठमण्डप पुनर्निर्माण समितिको तर्फबाट
अध्यक्ष श्री राजेश शाक्य

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. को तर्फबाट
महाप्रबन्धक श्री राजु लौडारी

महा प्रबन्धक

साक्षी

१. गौतम डंगोल, सचिब

२.बिभोर लाल श्रेष्ठ, उप सचिब

१. रामचन्द्र भट्ट, बिभागिय प्रमुख

२. लक्ष्मी प्रसाद रेग्मी, बिभागिय प्रमुख

ईति सम्वत् २०७५ साल आश्विन